नेपाल सरकार
शिक्षा मन्त्रालय
# शिक्षा विभाग
(..............सामुदायिक विद्यालय व्यवस्थापन..............शाखा)

पत्र संख्या :- ०७४/७५
चलानी नं. :- ५१

सानोठिमी, भक्तपुर
मिति : २०७४/०८/०५

**विषय: कक्षा ८ को अन्तिम परीक्षा सम्बन्धमा ।**

**श्री क्षेत्रीय शिक्षा निर्देशनालय ५ ओटै**
**श्री जिल्ला शिक्षा कार्यालय, ७५ ओटै**

प्रस्तुत विषयमा शिक्षा मन्त्रालयको च.नं. ८१४ मिति २०७४।०८।०३ को पत्रानुसार **"विद्यमान शिक्षा नियमावली अनुसार आधारभूत तहको अन्तमा लिइने कक्षा आठ (८) को परीक्षा जिल्लास्तरीय रुपमा सञ्चालन गरी प्रमाणिकरण (certification) को कार्य जिल्ला शिक्षा कार्यालयबाट हुँदै आएको थियो । नेपालको संविधान अनुसार विद्यालय शिक्षाको सञ्चालन, व्यवस्थापन लगायतका कार्यहरु स्थानीय तहको क्षेत्राधिकारभित्र रहेको छ । हाल स्थानीय तहको गठन भई कार्य सञ्चालन भइरहेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आइसकेको हुँदा सो ऐनको परिच्छेद ३ दफा ११ ज.(१४) बमोजिम कक्षा आठ(८) को अन्तिम परीक्षाको सञ्चालन, व्यवस्थापन तथा प्रमाणिकरण स्थानीय तहबाट हुनुपर्ने अवस्था स्पष्ट छ ।**

**उल्लिखित कार्य गर्न स्थानीय तहलाई आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग पुऱ्याई संघीय व्यवस्थालाई सफलिभूत बनाउनु शिक्षा मन्त्रालयको दायित्व एवम् कर्तब्य भएकोले कक्षा आठ(८) को परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापनका विषयमा सम्बन्धित जिल्ला समन्वय समितिमा विषयको प्रस्तुति गरी उक्त समितिबाट हुने निर्णयको कार्यान्वयनमा आफूसँग उपलब्ध भएसम्मको आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गर्न गराउनका लागि शिक्षा विभाग मार्फत सबै जिल्ला शिक्षा अधिकारीहरुलाई निर्देशन दिने र अनुगमनका लागि क्षेत्रीय शिक्षा निर्देशकहरुलाई लेखी पठाउन मिति २०७४।०८।०३ को सचिवस्तरीय निर्णयानुसार"** भनी लेखी आएको हुँदा सबै जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयहरुले सोही बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

.............................
मुक्ता के.सी.
शाखा अधिकृत

बोधार्थ
श्री शिक्षा मन्त्रालय (कर्मचारी प्रशासन शाखा)
सिंहदरवार : तहाँको च.नं. ८१४ मिति २०७४।०८।०३ को पत्रको सन्दर्भमा ।